राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

२४ कात्तिक, २०८०

## भूकम्प प्रभावित जिल्लाहरुको आयोगद्धारा अनुगमन
## राहत वितरण कार्य प्रभावकारी बनाऊ

मिति २०८० कात्तिक १७ गते राति जाजरकोट जिल्लाको बारेकोट गाउँपालिकास्थित रामीडाँडा केन्द्रबिन्दु भई गएको भूकम्पका कारण कर्णाली प्रदेशको जाजरकोट, रुकुम पश्चिम, सल्यान, दैलेख र जुम्ला लगायतका जिल्लाहरुमा भएको मानवीय तथा भौतिक क्षतिको अवस्थाबारे आयोगका माननीय सदस्यहरु मिहिर ठाकुर र लिली थापा नेतृत्वको टोलीले अनुगमन गरेको छ। उद्धार, राहत कार्यमा तीनै तहका सरकार, राजनीतिक दल, अधिकारकर्मी, नागरिक समाजलगायत सबै पक्षबाट भइरहेको क्रियाशीलता एवम् घाइतेहरुको निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था गरिएको जस्ता पक्षलाई आयोगले सकारात्मक रुपमा लिएको छ।

भूकम्पका कारण जाजरकोटमा १ सय १ जनाको ज्यान गएको, पूर्ण र आंशिक गरी ३४ हजार ५ सय १ घर क्षति भएको, रुकुमपश्चिममा ५३ जनाको ज्यान गएको एवम् पूर्ण र आंशिक गरी २६ हजार ५ सय ३१ घर क्षति भएको अनुगमनको क्रममा पाइएको छ। राहत सामग्रीहरु उल्लेख्य मात्रामा संकलन भएको तर जिल्ला विपद् व्यवस्थापन समितिमा सवारी साधनको अभाव र ढुवानीका लागि रकम अभावका कारण सम्बन्धित वडा कार्यालयमा पठाई वितरण गर्ने क्रममा ढिलाई भइरहेको देखिएको छ। रुकुम जिल्लाको आठबीसकोट नगरपालिका- १४ स्थित छेपारे गाउँमा राहत स्वरुप वितरण गरिएका त्रिपालहरुबाट शीत चुहिने गरेको र तल ओछ्याइएका मेट्रेसहरु पातलो भई तलबाट चिसो आउने भएका कारण सुत्केरी महिला, बालबालिकाहरु र ज्येष्ठ नागरिकहरु बढी प्रभावित भएको, चिसो बढ्दै गइरहेको अवस्थामा न्यानो कपडाको अपर्याप्तता र त्रिपालको बसाइका कारण सुत्केरी, बालबालिका, बिरामी र ज्येष्ठ नागरिकहरुमा समस्या देखिएको, भूकम्प प्रभावित क्षेत्रका अधिकांश विद्यालय भवनहरु क्षतिग्रस्त हुँदा विद्यालय बन्द भएको छ भने भूकम्पमा परेका महिला र बालबालिकाहरुमा डर र त्रासको अवस्था रहेको, शौचालयको अभावका कारण महिनावारी भएका महिला र बालिकाहरुले थप समस्या भोग्नुपरिरहेको लगायतका तथ्यहरु अनुगमनबाट पाइएको छ। त्यसैगरी, प्रभावितहरु सामूहिक रुपमा बसीरहेकाले शौचालय व्यवस्थापन र सरसफाइमा समस्या देखिएको जसका कारण सरुवा रोग वा अन्य महामारी लगागयतका प्रकोप बढ्नसक्ने जोखिम रहेको, राहत वितरणमा जिल्लास्थित संघीय सरकारअन्तर्गतका कार्यालयहरु, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार र स्थानीय तहहरुबिचको समन्वयमा अभाव देखिएको अनुगमनको क्रममा पाइएको छ।

अतः भूकम्पबाट घरबास गुमाएका पीडितहरुको लागि खाद्यान्नको व्यवस्था, चिसो मौसमबाट सुरक्षित रहन आवास र न्यानो कपडाको पर्याप्त व्यवस्था हुन, विपद्पश्चात सामूहिक बसाईको अवस्थामा पानी, शौचालय, सरसफाईलगायतका अभावका कारण हुन सक्ने विभिन्न किसिमका सरुवा रोग र महामारीको जोखिमबाट सुरक्षित राख्न आवश्यक पहल हुन, राहत कार्य छरितो र समयमै वितरणका लागि तीनै तहका सरकारबिच प्रभावकारी समन्वय हुन आयोग आग्रह गर्दछ।

डा. टीकाराम पोखरेल
प्रवक्ता/सहसचिव

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org